# त्रिवेणी गाउँपालिका रोल्पाको

# क्षमता विकास योजना तर्जुमा प्रतिवेदन

## त्रिवेणी गाउँपालिकाको कार्यालय
## जुँगार, रोल्पा

## प्राविधिक सहयोग
## प्रदेश प्रशिक्षण प्रतिष्ठान
## नेपालगञ्ज, बाँके ।

## २०७८ जेठ १५ गते

# विशेष आभार

त्रिवेणी गाउँपालिका रोल्पाको संस्थागत सञ्चालन तथा व्यवस्थापन क्षमता र मानव संशाधन क्षमतामा सुधार गरी यस पालिकाले यहाँबाट प्रवाह हुने दैनिक तथा आवधिक सेवाहरुको गुणस्तरमा बृद्धि गर्न माडी गाउँपालिकाले ३ बर्षे क्षमता विकास योजना तयार गरेको छ । यो क्षमता विकास योजना तयार गर्न प्राविधिकरुपमा सहयोग गर्ने लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँके र नबजीवन मिडिया सर्भिसेज प्रा.लि. काठ्माण्डौंलाई आभार प्रकट गर्दछौं ।

विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९को महामारीको समयमा पनि आफ्नो जिम्मेवारी बोधका साथ यो क्षमता विकास योजना तयार गर्न सहयोग गर्नुहुने क्षमता विकास योजना विज्ञ श्री सुदन कुमार ओलीज्यूलाई विशेष धन्यबाद । क्षमता विकास योजना तयार गर्न विभिन्न क्षेत्रबाट सल्लाह सुझाब सहितको भूमिका खेल्ने गाउँपालिकाका अध्यक्ष श्री शान्त कुमार वलीज्यू, उपाध्यक्ष श्री सावित्रा कुमारी बुढाज्यू, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत श्री निम बहादुर केसी, गाउँपालिका अन्तरगतका समिती, शाखाप्रमुख, उपप्रमुखहरु, वडा सचिवहरु तथा पालिकामा कार्यरत श्री हेमराज उपाध्यायज्य लगाएका सबै कर्मचारी र सरोकारवालाहरु प्रति धन्यबाद व्यक्त गर्दछौं ।

धन्यबाद ।

# विषय-सुची

भाग १: परिचय ..... 1
१.१. पृष्ठभूमी ..... 1
१.२. प्रदेश प्रशिक्षण प्रतिष्ठान ..... 2
१.३. क्षमता विकास योजना निर्माणका उदेश्यहरु ..... 2
१.४. क्षमता विकास योजना तथा कार्यक्रमको औचित्यहरु ..... 3
१.५. क्षमता विकास योजना निर्माणका सीमाहरु ..... 4
भाग २: त्रिवेणी गाउँपालिकाको संक्षिप्त परिचय ..... 6
२.१. भौगोलिक अवस्था ..... 6
२.२. जनसाङ्खिक अवस्था ..... 7
२.३. शिक्षा र स्वास्थ्यको अवस्था ..... 7
२.४. आर्थिक तथा पूर्वाधार विकासको अवस्था ..... 8
२.५. सुचना प्रविधि ..... 9
२.७. अवस्था विश्लेषण ..... 9
भाग ३: क्षमता विकास योजना तर्जुमाको विधि र प्रक्रिया ..... 14
भाग ४: त्रिवेणी गाउँपालिकाको क्षमता विकासका योजनाका प्रस्तावित कार्यक्रमहरु ..... 16
४.१. त्रिवेणी गाउँपालिकाको संस्थागत क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु ..... 16
४.२. त्रिवेणी गाउँपालिकाको मानव संशाधन विकासका प्रस्तावित कार्यक्रमहरु ..... 21
४.३ क्षमता विकास योजना कार्यक्रमका लागि छुट्याइएको बजेट अनुपात ..... 26
भाग ५: त्रिवेणी गाउँपालिकाको क्षमता विकासका योजना सञ्चालन रणनीति ..... 27
भाग ६: अनुसूचीहरु ..... 29

# तालिका र चित्रहरुको सूची


| तालिका र चित्र नम्बर | शिर्षक | पाना नम्बर |
|---|---|---|
| तालिका २.१ | माडी गाउँपालिकाको जनसङ्ख्याको अवस्था | ७ |
| तालिका ४.१ | माडी गाउँपालिका रोल्पाको तीन वर्षे संस्थागत क्षमता विकास योजनाको प्रस्तावित कार्यक्रमहरु | १७ |
| तालिका ४.२ | माडी गाउँपालिका रोल्पाको तीन वर्षे मानव संशाधन क्षमता विकास योजनाको प्रस्तावित कार्यक्रमहरु | २१ |
| तालिका ४.३ | क्षमता विकास योजना कार्यक्रमका लागि छुट्याइएको बजेट अनुपात | २६ |
| चित्र २.१ | माडी गाउँपालिका रोल्पाको प्रशासकिय नक्सा | ६ |

# भाग १: परिचय

## १.१. पृष्ठभूमी

नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरुको आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरुको काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरुप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । स्थानीय तहहरुको नतिजामुखी कार्यसम्पादन गरि अहिलेको अवस्थामा परिवर्तनको लागि स्थानीय सरकारका संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार क्षमतामा थप सुधार ल्याउन आवश्यक छ । मानवीय ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गर्दै नियमित काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवं परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरुको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहाना अनुरुपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वासनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरुमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रुपमा वृद्धि गरी नागरिकप्रति पूर्णरुपमा उत्तरदायी स्थानीय सरकारको रुपमा काम गर्न आवश्यक छ । सोहि आवश्यकतालाई ध्यानमा राख्दै **त्रिवेणी गाउँपालिका रोल्पा**ले आफ्नो अधिकार र कार्यक्षेत्रभित्रको अवस्थालाई मध्येनजर गर्दै संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयको गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शनको आधारमा लुम्बिनी **प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम)** बाँकेको प्राविधिक सहयोगमा **त्रिवेणी गाउँपालिकाको क्षमता विकास योजना** तयार गरेको छ ।

**१.२. प्रदेश प्रशिक्षण प्रतिष्ठान**

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवं निर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवं शासकीय क्षमताको अभिवृद्धि गर्ने उद्देश्यले "**प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन आदेश २०७७**"बमोजिम एक अविक्षिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्थाको रुपमा लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका धेरै जसो कृयाकलापहरु यसै प्रतिष्ठानद्वारा सञ्चालन हुनेछन् रयस कृयाकलापसँग हुने सम्पुर्ण कार्यहरु यसै प्रतिष्ठान मार्फत कार्यान्वयन हुनेछन् ।

**१.३. क्षमता विकास योजना निर्माणका उदेश्यहरु**

स्थानीय तहको क्षमता विकास योजना तर्जुमाको मुख्य उदेश्य गाउँ/नगरपालिका र यसका सहयोगी निकायहरुको संस्थागत तथा मानव संशाधन क्षमता अभिबृद्धि मार्फत विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउन योगदान गर्नु रहेको छ भनेयसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- स्थानीय तहमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको समग्र क्षमता अभिवृद्धिका लागि विस्तृत कार्ययोजना तयार भै कार्यान्वयनका लागि ठोस नीति तय हुने ।
- स्थानीय तहको समग्र संस्थागत क्षमता विकासका लागि SWOT विश्लेषण भइ प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक सुधारका क्षेत्रहरको पहिचान भइ ठोस कार्य योजना तयार हुने
- गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट गाउँ/नगरपालिका तथा सहयोगी निकायहरुको कार्यसम्पादन स्तरमा सुधार गर्ने
- स्थानीय विकास प्रक्रिया, सेवा एवं सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रुपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने ।

**१.४. क्षमता विकास योजना तथा कार्यक्रमको औचित्यहरु**

नेपालको संविधान २०७२ अनुसार नयाँ संरचनामा रुपान्तरित साशकीय स्वरुप र सेवा प्रवाहको संरचनामा आएको परिवर्तनसँगै जनताको आकांक्षा र सेवा प्रदायकको क्षमता र स्रोतसाधनको उपयोगमा तादाम्यता मिलेको छैन । एकातिर नयाँ प्रणालीको अभ्यास र अर्कोतिर भुमण्डलीकरणको प्रभाव र बजारको अवस्थाले सेवाग्राहीहरुको परिवर्तित मागका कारण सेवा प्रवाह र उपभोगमा असामन्जस्यताको अवस्था आएको देखिन्छ । त्यसैले यो समस्यालाई न्युनीकरण गर्नको लागि लुम्बिनी प्रदेश सरकार अन्तर्गतको प्रदेश प्रशिक्षण प्रतिष्ठानले आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्थानीय तहहरुको संस्थागत र मानव संशाधन क्षमता विकास योजना तर्जुमा गर्न सहयोग पुर्याउने उद्धेश्यले क्षमता विकास योजना तर्जुमा सहयोग कार्यक्रमको संचालन गरेको देखिन्छ ।

गाउँ/नगरपालिकाको क्षमता विकास योजना तयार गर्नुको कारणहरु देहाय बमोजिम रहेका छन:

- संविधानप्रदत्त अधिकार र जिम्मेवारीहरुलाई कुशल रुपमा सम्पादन गरी नागरिकहरुलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको,
- स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरुलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको,
- स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरु कुशल रुपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक रहको,
- विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रुपमा प्रविधियुक्त बनाउँदै नागरिकहरुको आशा र अपेक्षा अनुसार

काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्न आवश्यक रहेको,

- आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको ।

**१.५. क्षमता विकास योजना निर्माणका सीमाहरु**

स्थानीय तहमा कार्यरत जनशक्ति तथा पदाधिकारीहरु र समग्र गाउँपालिकामा वसोवास गर्ने आम नागरिकहरुको समेत क्षमता विकास हुने गरि तयार गर्न थालिएको यस क्षमता विकास योजना सम्पन्न गर्दैगर्दा केहि सीमाहरु पनि रहेका छन् जुन तलका बुँदाहरुमा समेटिएको छ :

- विश्वमा फैलिएको कोरोना महामारीको दोस्रो चरणको प्रभावका कारण सहजरुपले आवश्यकता अनुसार पालिकामा समावेशीमूलक तरिकाले सहभागीहरुका विचमा अन्तरक्रियात्मक छलफल गर्न कठिनाइ हुनु ।
- वर्तमान परिस्थितिका कारण पालिकामा कार्यरत सिमित कर्मचारी तथा पदाधिकारी बाहेक अन्य सरोकारवाला निकायहरुको उपस्थिति सुनिश्चित गर्न कठिनाइ हुनु ।
- परामर्श कार्यको प्रक्रियागत विधि पार गर्दा अन्य कुराहरुमा समय बढि खर्च भएको हुँदा आर्थिक वर्षको अन्ततिर मात्र फिल्डमा खटिने अवस्था रहेको हुँदा सिमित समयसीमा भित्र कार्य सम्पन्न गर्नु पर्ने भएको हुँदा विज्ञ समूहले थोरै समय भित्र कार्य सम्पन्न गर्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको ।
- आर्थिक वर्षको अन्त्यतिर पालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरु अन्य काममा व्यस्त रहने भएको हुँदा यस कार्यमा खुलेर छलफल गर्ने वातावरण नहुनु ।

यसका अतिरिक्त कोभिड-१९ को दोस्रो चरणको संक्रमणले सबै स्थानीय तहमा समेत आक्रान्त पारेकाले बैशाख १६, २०७८ देखि  काठ्माण्डौं उपत्यका सहित सबै स्थानीय सरकारहरुले

निषेधाज्ञा लगाए । सुचना संकलन र प्रत्यक्ष छलफल गर्ने लामो समय स्थानीय तहमा बस्न सक्ने अवस्था थिएन । संकलन भएका सबै सुचना र जानकारीहरु सानो समुह र व्यक्तिगत छलफल, उपलब्ध दस्तावेजहरुको अध्ययन र विद्युतीय सञ्चार माध्यमबाट लिइएका जानकारी तथा तथ्याङ्कहरुको आधारमा प्रस्तावित ३ वर्षे क्षमता विकास योजना तयार गरिएको छ ।

# भाग २: त्रिवेणी गाउँपालिकाको संक्षिप्त परिचय

## २.१. भौगोलिक अवस्था

त्रिवेणी गाउँपालिका प्रदेश नं ५ अन्तरगत रोल्पा जिल्लाको साविकको ५ वटा गा.वि.स. करेटी, नुवागाउँ, बुढागाउँ, जुगार र गैरीगाउँ मिलेर बनेको एक गाउँपालिका हो । शिवाङखोला, चक्रीखोला र गैरीखोला गरी तीन प्रमुख खोलाहरुको सेरोफेरोमा फैलिएको जम्मा २०५.३९ वर्ग कि.मि. भू-भाग यस त्रिवेणी गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका, पश्चिममा सल्यान जिल्ला, उत्तरमा माडी र गंगादेव गाउँपालिका र दक्षिणमा रुन्टीगढी गाउँपालिका अवस्थित छ । ८२°१२'५२" देखि ८२°३५'२२" पुर्वी देशान्तर र २८°१२'३६" देखि २८°२२'२५" उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुन्द्री सतहबाट ८६० मिटर देखि२८०० मिटरको उचाइमा अवस्थित छ । वनजंगल, खोलानाला, र प्राकृतिक छटाले भरिपूर्ण यस गाउँपालिकाको केन्द्र जुगार समुद्री सतहबाट ११२८ मिटरको उचाइमा अवस्थित छ । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु रहेका छन् जस्मा तिला बजार, नुवागाउँ, दहवन, निगालपानी, सिमपानी, लिङ्दुङ, नेर्पा बजार सहर उन्मुख क्षेत्र पर्दछन् । तलको चित्रमा त्रिवेणी गाउँपालिकाको नक्सा दिइएको छ ।

***चित्र २.१: त्रिवेणी गाउँपालिका रोल्पाको प्रशासकिय नक्सा***




*स्रोत: त्रिवेणी गाउँपालिकाको आधिकारिक वेवसाइट, https://www.trivenimunrolpa.gov.np*

### २.२. जनसाङ्खिक अवस्था

२०६८ सालको जनगणना अनुसार जम्मा २५९५७ जनसंख्या रहेको यस गाउँपालिका सामाजिक तथा साँस्कृतिक रुपमा सम्पन्न रहेको छ । त्रिवेणी गाउँपालिकाको समग्र र वडातह अनुसारको जनसांख्यिक विवरण निम्नानुसार रहेको छ ।

***तालिका २.१: गाउँपालिकाको जनसङ्ख्याको अवस्था***

| त्रिवेणी गाउँपालिका | जम्मा जनसंख्या | पुरुष | महिला | घर परिवार संख्या |
|---|---|---|---|---|
| गाउँपालिकास्तरको | **२४११०** | **११६१८** | **१२४९२** | **४५४९** |
| **वडा तह अनुसार** | | | | |
| वडा नं. १ | २३६५ | १११६ | १२४९ | ४५३ |
| वडा नं. २ | ५१४३ | २६१४ | २५२९ | ८८२ |
| वडा नं. ३ | २७७४ | १३५२ | १४२२ | ५५१ |
| वडा नं. ४ | ३६३० | १७०० | १९३० | ७०५ |
| वडा नं. ५ | २८३३ | १३३७ | १४९६ | ५७३ |
| वडा नं. ६ | २३३६ | १०६७ | १२६९ | ४४६ |
| वडा नं. ७ | ५०२९ | २४३२ | २५९७ | ९३९ |

*स्रोत: जिल्ला प्रोफाइल, केन्द्रीय तथ्याङ्क विभाग, २०७५*

त्रिवेणी गाउँपालिकामा मगर जातिको बसोबास सबै भन्दा बढि रहेको छ जुन कुल जनसंख्याको ४०.८ प्रतिशत रहेको छ । मगर जातिपछिको सबैभन्दा बढि बसोबास भएको जातिहरु क्रमश: क्षेत्री (३५.११), कामी (१५.११), दमाई (८.१८), ब्राहमण (०.४९) र अन्य (३.३१) रहेका छन ।

### २.३. शिक्षा र स्वास्थ्यको अवस्था

यस गाउँपालिकाको साक्षरता दर ७२.६२ प्रतिशत रहेको छ जसमा महिलाको साक्षरता दर जम्मा ६५.३८ र पुरुषको ८१.०९ प्रतिशत रहेको छ । रोल्पा जिल्लाको समग्र साक्षरता दर (६०.०० %) भन्दा त्रिवेणी गाउँपालिकाको साक्षरता दर १२.६२प्रतिशतले बढी रहेको छ । यस गाउँपालिकामा १ वटा क्याम्पस, १२ वटा समुदायिक माध्यामिक विद्यालय, १ वटा संस्थागत माध्यामिक विद्यालय, २८ वटा समुदायिक आधारभूत विद्यालय र २ वटा संस्थागत

आधारभूत विद्यालयहरु सञ्चालनमा रहेका छन । गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकीहरु पुर्ण क्षमतामा सञ्चालनमा रहेका छन र स्वास्थ्य सेवामा प्रभावकारी बनाउँन सबै वडाहरुमा स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन गरेको छ ।

### २.४. आर्थिक तथा पूर्वाधार विकासको अवस्था

यस गाउँपालिकाको आर्थिक विकासको मुख्य क्षेत्र कृषि हो । त्रिवेणी गाउँपालिका भित्र उत्पादन हुने खाद्यान्न बालीमा धान, गहुँ, मकै, तोरी, चना, मसुरो आदि छन् भने फलफुलहरुमा केरा, आँप, मेवा, चिल्ली, अम्बा र नासपाती आदि प्रमुख हुन । त्यसैगरी तरकारी उत्पादनमा लौका, करेला, आलु, मुला, रायो, काउली, सागपात, भिण्डी, भेन्टा, बोडी, फर्सी, टमाटर, खुर्सानी, बन्दा, काक्रो, चिचिण्डो, सिमी, लसुन, प्याज आदि हुन् । कृषि तथा पशु सेवाका लागि यस गाउँपालिकाको सबै वडामा एक-एक कृषि तथा पशु प्राविधिक उपलब्ध गराइएको छ ।

यस गाउँपालिकाका सबै वडामा सडक सन्जाल विस्तार कार्य भएको छ जसमा करिब ३०५ कि.मि. धुलौटे सडक रहेको छ भने यस गाउँपालिकाको मुख्य सडक तिला जुँगार निगालपानीमा आंशिक ग्राबेल कार्य भएको र कालोपत्रेको तयारीमा रहेको छ । यस गाउँपालिकामा विभिन्न खानेपानी योजना सञ्चालनमा रहेका छन् जसले सातै वडाका जनतालाई लाभान्वित गरिरहेको छ । गाउँपालिकाको विभिन्न स्थानमा एक घर एक धारा जडान भईसकेको छ भने बाश योजना अन्तरगत सबै घरधुरीमा एक धारा अनिवार्य रुपमा जडान गर्ने कार्यको थाल्नी भएको छ । त्यसै गरि यस गाउँपालिकाको ४७९५ घरधुरी मध्ये ९९.१३ प्रतिशत घरमा शौचालयको पहुँच रहेको देखिन्छ । यस गाउँपालिकामा व्यक्तिगत सरसफाइप्रति स्थानीय बासिन्दाहरु विस्तारै सचेत हुँदै गएको कुरा सिद्ध हुन्छ । उर्जा तर्फ यस गाउँपालिकाको गत आ.व. भित्र करिब ८५ प्रतिशत जनसंख्या विद्युतको पहुँचमा रहेका छन् भने यस आ.व.मा धैरै भन्दा धैरै जनमा पुग्ने अपेक्षा लिइएको छ ।

**२.५. सुचना प्रविधि**

यस गाउँपालिकामा सुचना प्रविधिको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । ७ वटा वडा मध्ये ६ वटा वडाहरुबाट विद्युतीय सेवा प्रदान गर्ने व्यवस्था गरेको छ । गाउँपालिकामा व्यक्तिगत घटना दर्ता अभिलेख तथा सामाजिक सुरक्षा वितरण अनलाइन तथा वैङ्किङ प्रणालीबाट गर्ने व्यवस्था गरेको छ । तर अहिलेको अवस्थाको सुचना प्रविधीलाई अझ प्रभावकारी बनाउँनको लागि इन्टरनेट सेवालाई गुणस्तरीय बनाउँने कुरामा समेत पहल भइरहेको छ ।

यस गाउँपालिका भित्र सामाजिक विकास र लैङ्गिक तथा समावेशी सहभागिता विशेष प्राथमिकतामा रहेको छ । साथै यस गाउँपालिकामा रहेका विभिन्न धार्मिक तथा प्रयटकीय क्षेत्रहरुको प्रबर्धन र विकास गर्न र स्थानीय स्रोत साधनको उच्चतम व्यवस्थापन गरी यहाँका युवाहरुलाई शिर्जनशील र उद्दमशील बनाउँने कार्यमा पहल गर्नु आवश्यक रहेको छ ।

**२.७. अवस्था विश्लेषण**

त्रिवेणी गाउँपालिका रोल्पा जिल्लाको १० वटा स्थानीय तहहरु मध्येको एक हो । यस गाउँपालिकाको क्षमता विकास योजना बनाउँने क्रममा देखिएका वास्ताविक र अनुभव जन्य अवस्थाको छोटकरीमा सवलर दुर्वल पक्षहरु तथा गाउँपालिका भित्रका अवसर र चुनौतिहरुको विश्लेषण गरिएको छ ।

**गाउँपालिकाको सवल पक्षहरु:**

त्रिवेणी गाउँपालिकालाई विकास निर्माण र सुशासनमा रोल्पा जिल्ला भित्रकै सबै भन्दा सफल र व्यवस्थित गाउँपालिकाको रुपमा चित्रण गर्न सकिन्छ । यस गाउँपालिकाको यो सकारात्मक र प्रोत्साहित पहिचानका पछाडी निम्नानुसारको विभिन्न शैदान्तिक र सकारात्मक पक्षहरुलाई लिन सकिन्छ :

क. सकारात्म विचार र सुझबुझ भएको राजनैतिक नेतृत्व,

ख. संघीय र प्रदेश सरकार प्रमुखसँग राम्रो सम्बन्ध भएकाले स्रोत व्यवस्थापनमा सहयोग,

ग. गाउँपालिकामा दरबन्दी अनुसारको जनशक्तिको व्यवस्था,

घ. स्थानीय तहको एकल वा साझा अधिकार भित्र रहेका केहि महत्वपुर्ण ऐन नियम र निर्देशिकाको निर्माण र कार्यान्वयनमा,

ङ. गाउँपालिका अन्तर्गत विभिन्न विषय क्षेत्रगत समिति गठन र परिचालन,

च. गाउँपालिकाको अधिकांश स्थानमा सडक सञ्जाल जोडिएको,

छ. नयाँ प्रविधि र सञ्चारको प्रयोग,

ज. कृषि, शिक्षा, स्वास्थ्य, सडक, उर्जा र अन्य पूर्वाधार विकासमा जोड,

झ. वन र अन्य प्राकृतिक स्रोत यथेष्ठ मात्रा भएको,

ञ. सामाजिक, साँस्कृतिक, धर्मिक र राजनैतिक विविधता,

ट. स्थानीय राजनैतिक दल, सरोकारवाला संघसंस्थाहरुको सकारात्मक समन्वय र सहकार्य आदि ।

**गाउँपालिकाको दुर्वल (सुधारात्मक) पक्षहरु:**

त्रिवेणी गाउँपालिकाका धैरै सकारात्मक पक्षहरु भएता पनि जनताको नियमित सेवा प्रवाह र त्यसको प्रभावकारीतामा अझै पूर्णता पाउँन सकेको छैन । स्थानीय सेवाग्रही तथा सेवा प्रदायक विचको खाडल अझै रहनुका केहि शैदान्तिक पक्षहरु रहेका जुन निम्नानुसार रहेका छन:

क. स्थानीय सरकारको एकल र साझा अधिकार भित्र रहेका विभिन्न (१८) ऐन नियम र निर्देशिका तथा कार्यविधिको निर्माण नभएको,

ख. स्थानीय सेवा प्रवाहको गुणस्तरियता र प्रभावकारिताकोअनुगमन, अध्ययन र प्रतिवेदन सहितको प्रणाली नभएको,

ग. सेवा प्रवाह र विपद व्यवस्थापनमा सहयोग हुने नगर प्रहरीको व्यवस्था नभएको,

घ. विभिन्न क्षेत्रगत गुरुयोजना तथा आवधिक योजनाहरुको निर्माण नभएको,

ङ. कर्मचारीहरु कार्यसम्पादन मुल्याङ्कन, प्रोत्साहन र विकासको स्पष्ट प्रणाली नभएको,

च. विषय विज्ञ जनशक्ति जस्तै कानून, विपद व्यवस्थापन, आवधिक गुरुयोजना निर्माण जस्ता स्रोत व्यक्ति वा सो विषयमा दक्षता भएका कर्मचारीहरुको अभाव,

छ. विषयगत स्रोत व्यक्ति वा संस्थाहरुको सेवा खरिद वा सहकार्य प्रयोजनका लागि स्रोत सूची तयार नभएको,

ज. दिगो विकासका लक्षहरुलाई स्थानीयकरण गर्न नसकेको,

झ. विषद व्यवस्थापन र भौतिक पूर्वाधार विकासका लागि आवश्यक स्रोतसाधन, औजार र उपकरणहरुकोअभाव आदि।

**गाउँपालिकाका अवसरहरु:**

त्रिवेणी गाउँपालिका रोल्पा जिल्लाका तत्कालिन ७ वटा गाउँ विकास समितिहरुको संयोजनबाट बनेको स्थानीय तह हो । यस गाउँपालिकामा प्रयाप्त मात्रामा प्राकृतिक स्रोतको उपलब्धता, सामाजिक विकास र आर्थिक विकासमा जनसहभागिता, उत्पादनशील युवा जनशक्ति आदिले आगामी दिनमा समृद्ध गाउँपालिका र सुखी जनताको सपना साकार हुनेछ । विशेषगरी यस गाउँपालिका निम्नानुसारका शैदान्तिक अवसरहरु प्राप्त गर्न सकिन्छ:

क. स्थानीय कृषकहरुलाई व्यवसायिक कृषक बनाएर लुम्बिनी प्रदेशको सबैभन्दा ठूलो बजार दाङमा पैठारी गर्ने,

ख. गाउँपालिका भित्रका सबैजसो वडाहरुमा सडक सञ्जाल जोडिएकाले स्थानीय स्रोत साधनको प्रयोग गरि घरेलु तथा साना उद्योग सञ्चाल गरी उत्पादन गर्न प्रोत्साहन गर्न,

ग. रोल्पा बाहेकका कपुरकोट, तुलसीपुर, घोराही, कोहलपुर, नेपालगञ्ज, देउखुरी र वुटवल भैरहवा जस्ता प्रदेशकै ठूला आर्थिक केन्द्रहरुसँग सिधै सडक सञ्जालको पहुँचमा सुधार गरेर स्थानीय युवाहरुलाई उद्यमशीलता विकासमा लाग्न प्रोत्साहन गर्न,

घ. गाउँपालिका भित्रै साना तथा मझौला उद्योग विकास गुरुयोजना बनाइ वैदेशिक रोजगारी घटाउन र स्थानीय तहमा नै रोजगारीको सिर्जना गर्न,

ङ. स्थानीय प्राकृतिक स्रोतमा आधारित उद्पादनहरु जस्तै मार्वल उत्पादन उद्योग आदिको स्थापना गरि गाउँपालिकाको आयस्रोतको दायरा विस्तार गर्न,

च. सबै सरोकारवालहरुको सहकार्य र सहयोगमा सामाजिक, आर्थिक, लैङ्गिक समावेशी, र अन्य पूर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन,

छ. संघ, प्रदेश र अन्य सरोकारवाला निकायहरुसँगको सकारात्मक साथ र सहयोगका साथ गाउँपालिकाको समग्र विकासमा साझेदार बनाउने आदि ।

**गाउँपालिकाको चुनौतिहरु:**

त्रिवेणी गाउँपालिका भित्र भएका अवसरको उचित प्रयोग र व्यवस्थापन गर्न सकियो भने समृद्ध गाउँपालिका र सुखि जनताको सपना साकार हुन धेरै लामो समय कुर्नु पर्ने छैन । तर यस गाउँपालिकाले अहिले जसरी काम गरिरहेको छ अझ त्यसलाई बलियो र प्रभावकारी बनाउँ धेरै शैदान्तिक र व्यवहारीक पक्षमा निम्नानुसारका चुनौतिहरु रहेका छन:

क. स्थानीय तहको एकल र साझ अधिकार क्षेत्रका ऐन नियम, कानून र निर्देशिकाहरु समयमा बनाउँ दक्ष जनशक्ति र संघ तथा प्रदेशका सरोकारवाला निकायहरुसँगको आवश्यक समन्वयर सहकार्यको अभाव,

ख. गाउँपालिकाको क्षेत्रगत गुरु योजना तथा आवधिक विकास योजना निर्माण गर्न दक्ष जनशक्ति र आवश्यक स्रोत व्यवस्थापनमा समस्या,

ग. कर्मचारीहरुको नियमित सरुवा र भौगोलिक विकताका कारण सेवा प्रवाहमा प्रभावकारिता ल्याउँन समस्या,

घ. नयाँ संरचना अनुसारको अभ्यास गर्दा कानूनी र व्यवहारिक पक्षमा तादाम्यता नमिलेको अवस्था,

ङ. दिगो विकासको अवधारणालाई स्थानीयकरण गर्न र स्थानीय आवश्यकता र आपुर्तिमा आधारित योजना कार्यान्वयन गर्न स्रोत साधनको दोहोरो माग हुने र स्रोत साधनको अभावमा प्राथमिकरण गर्न समस्या,

च. दाङ तुलसीपुर देखि त्रिवेणी गाउँपालिकासम्मको सडकको अवस्था राम्रो नहुँदा यातायत सेवा प्रभावकारी बन्न,

छ. बनजंगल आगलागी, पहिरो नियन्त्रण जस्ता विपद व्यवस्थापन गर्न स्रोत साधन र भौगोलिक विकटाको समस्या,

ज. विकासको वास्ताविक अर्थ जनतामा बुझाउँन नसक्दा योजना र व्यवस्थित विकास निर्माणमा जनसहभागिताको कमी,

झ. गाउँपालिका स्तरमा रोजगारी, शिक्षा र स्वास्थ्य आदि कारणले युवा पुस्ताहरुमा बसाइ सराइको दरमा कमी गर्न नसक्दा गाउँपालिकाको आर्थिक विकास गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्न समस्या आदि ।

यो प्रतिवेदन त्रिवेणी गाउँपालिकाको संस्थागत र मानव संसाधन विकास क्षमता विकास योजना भएकाले यसमा समग्र अवस्थाको विश्लेषण गरिएको छैन । त्यसैले यसका केहि महत्वपूर्ण र शैदान्तिक अवस्थाको मात्र विश्लेषण गरिएको छ ।

# भाग ३: क्षमता विकास योजना तर्जुमाको विधि र प्रक्रिया

त्रिवेणी गाउँपालिकाको ३ वर्षे क्षमता विकासयोजना निर्माणका लागि मुख्य आधार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन र स्थानीय सरकारको आवश्यकता र मागको मुल्याङ्कन हो । स्थानीय सरकारको संस्थागत र मानव संशाधन विकास योजना तर्जुमा गर्नको लागि निम्नानुसारको विधि र प्रक्रियालाई आधार बनाएको छ :

क. गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षहरु, सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, विभिन्न शाखाका प्रमुखहरु, वडा सचिवहरु र अन्य पालिकामा कार्यरत कर्मचारीहरु तथा सरोकारवाला संघसंस्थाका व्यक्तिहरुसँगको सामुहिक अन्तरक्रिया तथा छलफलबाट सुझावहरु एवं पृष्ठपोषण प्राप्त गरिएको थियो ।

ख. गाउँपालिकाको प्रमुख समेत जिम्मेवारी निर्वाह गरी रहेको प्रमुख प्रशासकीय अधिकृत एवं सम्बन्धित शाखा प्रमुखहरुसँग गाउँपालिकाका मौजुदा समस्या तथा कर्मचारीहरुको अपेक्षा विषयमा छलफल सहित महत्पूर्ण राय सुझाव प्राप्त गरिएको थियो।

ग. स्थानीय सरकार र सम्बन्धित निकायहरुको वर्तमान संस्थागत र मानव संशाधनको क्षमताको लेखाजोखा गर्नको लागि गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा दिग्दर्शनकोअनुसूची २, ३, ५, ६, ८ र ९अनुसारको फारमहरुको प्रयोग गरी आवश्यक सुचना संकलन गरिएको थियो ।

घ. गाउँपालिका कार्यालयका विभन्न शाखा तथा उपशाखा प्रमुखहरु लगाएत विभिन्न जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग तोकिए बमोजिम कार्यविवरण अनुसारका कार्यसम्पादनमा भोग्नु परेका कठिनाइ र अपेक्षाका विषयमा छलफल गरी जानकारी संकलन गरिएको थियो ।

ङ. गाउँपालिका अन्तर्गतका स्थापित सबै शाखा र वडा कार्यालयका सचिव वा अन्य कर्मचारीहरुसँग छलफल तथा राय सुझावको माध्यमले क्षमता विकासका लागि आवश्यक खाडल पत्त लगाई यथार्थ वस्तु स्थितिको विश्लेषण गरिएको थियो ।

च. गाउँपालिका कार्यालयको विगत वर्षको आयव्यय, स्वीकृत कार्यक्रम, नीति तथा क्षमता विकासमा गरिएका प्रयासहरुको अध्ययन अवलोकन गरी यस क्षेत्रमा भएका प्रयासको जानकारी लिइएको थियो ।

छ. क्षमता विकास  सम्बन्धमा स्थानीय निकायसँग सम्बन्धित ऐन नियम, निर्देशिका तथा मौजुदा नीतिगत व्यवस्था र विभिन्न कार्यविधिहरुको अध्ययन तथा विगतमा तर्जुमा गरीएका क्षमता विकास प्रतिवेदनको निचोडको अध्ययन गरिएको थियो ।

ज. प्रस्तावित क्षमता विकास कार्यक्रमहरुको लागत अनुमान गर्दा प्रचलित बजार मूल्य र अनुमानित मुद्रास्फ्रितिलाई आधार बनाइएको थियो ।

# भाग ४: त्रिवेणी गाउँपालिकाको क्षमता विकासका योजनाका प्रस्तावित कार्यक्रमहरु

त्रिवेणी गाउँपालिकाको संस्थागत क्षमता विकास र मानव संसाधन क्षमता विकासका कार्यक्रमहरु छुट्टा छुट्टै प्रस्ताव गरेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको आगामी गाउँसभाबाट पारित गरि कार्यान्वयनमा लैजाने गरि संस्थागत क्षमता विकासका लागि तालिका ४.१ र मानव संसाधन क्षमता विकासका लागि तालिका ४.२ अनुसारका कार्यक्रमहरु प्रस्तावित गरिएको छ । क्षमता विकासका लागि प्रस्तावित कार्यक्रमहरुको प्रस्ताव गर्दा बजेटको उपलब्धता र खर्च ब्यहोर्ने स्रोतको पनि प्रस्तरुपमा प्रस्ताव गरिएको छ ।

## ४.१. त्रिवेणी गाउँपालिकाको संस्थागत क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु

त्रिवेणी गाउँपालिका रोल्पाको सञ्चालन व्यवस्थापन अर्थात संस्थागत क्षमता विकासका लागि आवश्यक आधारभुत स्रोतसाधन, ज्ञान सीप र क्षमता भएका दक्ष जनशक्ति र एकल तथा साझा क्षेत्राधिकार भित्रका ऐन नियम, कानून र निर्देशिकाहरुको उपलब्धता र उच्चतम प्रयोग गर्नु पर्छ । यस गाउँपालिकाबाट जनताहरुमा हुने सेवा प्रवाहमा थप प्रभावकारिता र नतिजामुखी बनाउँन र गाउँपालिकाको संस्थागत क्षमता विकासका गर्न ३ वर्षका लागि निम्नानुसारको कार्यक्रमहरुको प्रस्ताव गरिएको छ ।

## तालिका ४.१. त्रिवेणी गाउँपालिका रोल्पाको तीन वर्षे संस्थागत क्षमता विकास योजनाको प्रस्तावित कार्यक्रमहरु

| क्षमताविकास क्रियाकलापहरु | मुख्य जिम्मेवारी | समयाबधि | | | बजेट | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८-८९ | २०७९-८० | २०८०-८१ | जम्मा | २०७८-८९ | २०७९-८० | २०८०-८१ | चालु | बाह्य |
| **भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | | |
| तरकारी संकलन गाडी | आर्थिक विकास | | | | ४००००००० | २००००००० | २००००००० | | | |
| आगो निभाउँने डमकल | वातावरण तथा विपद व्यवस्थापन | | | | ३००००००० | | १५०००००० | १५०००००० | | |
| गह्रौं सामान तान्ने क्रेन | भौतिक पूर्वाधार | | | | ४००००००० | | | ४००००००० | | |
| एमबुलेन्स | सामाजिक विकास | | | | ३००००००० | ३००००००० | | | | |
| सडक रोलर मेसीन | भौतिक पूर्वाधार | | | | ५००००००० | २५०००००० | २५०००००० | | | |
| फोहोर संकलन गाडी | सामाजिक विकास | | | | २५०००००० | १२५००००० | १२५००००० | | | |
| सुचना व्यवस्थापन सफ्टवेर तथा अन्य उपकरणहरु | भौतिक पूर्वाधार | | | | १००००००० | १००००००० | | | | |
| मोटर साइकल वा स्कुटर | प्रसासन शाखा | | | | ५०००००० | | ५०००००० | | | |
| वायुप्रदुसन मापन प्रणालीको स्थापना | वातावरण तथा विपद व्यवस्थापन | | | | ८०००००० | | ८०००००० | | | |
| दराज तथा अन्य फर्निचरहरु | भौतिक पूर्वाधार | | | | ५०००००० | ५०००००० | | | | |
| फोटोकपी मेसीन | प्रसासन शाखा | | | | १०००००० | १०००००० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य आपतकालिन बन्दोबस्तीका सामानहरु (बन्दोबस्तीका सामानहरु) | प्रसासन शाखा | | | | ५००००० | ५००००० | | | | |
| **जम्मा** | | | | | **२,४९,००,०००** | **१,०८,५०,०००** | **८५,५०,०००** | **५५,००,०००** | | |
| **नीति, योजना, ऐन नियम कार्यविधिसँग सम्बन्धित** | | | | | | | | | | |
| क्षेत्रगत आवधिक गुरुयोजना तथा कार्यक्रम निर्माण | योजना तथाअनुगमन | | | | ५००००० | ३००००० | २००००० | | | |
| एकल तथा साझा क्षेत्राधिकार भित्रका आवश्यक ऐन नियम कानून तथाकार्यविधिको निर्माण (१८ वटा बनाउँनु पर्ने) | कानूनीमामिला | | | | ६३०००० | ३५०००० | २८०००० | | | |
| क्षेत्रगत विकास योजना र कर्मचारीहरुको कार्य सम्पादन अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनको प्रणालीको स्थापना | प्रसासनशाखा | | | | ७०००० | ७०००० | | | | |
| संस्थागत तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्थापन | प्रसासन र कानूनी मामिला शाखा | | | | १००००० | १००००० | | | | |
| पालिकामा जवाफदेहिता र गुनासो व्यवस्थापन प्रणालीको व्यवस्थापन (७ वटै वडा कार्यालयहरु सहित) | योजना तथाअनुगमन | | | | ८०००० | ८०००० | | | | |
| स्थानीय वन पैदावर व्यवस्थापन कार्यविधि निर्माण | वातावरण तथा कानूनी मामिला | | | | १००००० | ५०००० | ५०००० | | | |
| अन्य विविध ऐन नियम तथा कार्यविधिहरु निर्माण | कानूनीमामिला | | | | ३५००० | | | ३५००० | | |
| | | | | | **१५,१५,०००** | **९,५०,०००** | **५,३०,०००** | **३५,०००** | | |
| **मानव संशाधन प्राप्तिसँग सम्बन्धि** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नगर प्रहरीसेवा | प्रशासनशाखा | | | | ५४९१५०० | १८३०५०० | १८३०५०० | १८३०५०० | | |
| कानूनी विज्ञ | प्रशासनशाखा | | | | १४८५००० | ४९५००० | ४९५००० | ४९५००० | | |
| योजना अधिकृत (अर्थशास्त्री) | प्रशासनशाखा | | | | १४८५००० | ४९५००० | ४९५००० | ४९५००० | | |
| अनुसन्धानअधिकृत (सामाजिक, आर्थकि तथा मानव संशाधन) | प्रशासनशाखा | | | | १४८५००० | ४९५००० | ४९५००० | ४९५००० | | |
| सुचना, सञ्चारतथा प्रविधि प्राविधिक | प्रशासनशाखा | | | | ७०५००० | २३५००० | २३५००० | २३५००० | | |
| महिला, बालबालिक तथा समाज कल्याण अधिकृत | प्रशासनशाखा | | | | १४८५००० | ४९५००० | ४९५००० | ४९५००० | | |
| विपदव्यवस्थापन विज्ञ | प्रशासनशाखा | | | | १२९०००० | ४३०००० | ४३०००० | ४३०००० | | |
| चालक तथा अन्यव्यक्तिहरु | प्रशासनशाखा | | | | ८१८००० | | ४०९००० | ४०९००० | | |
| विषयविज्ञहरुको सूचीकरण (Experts Roster) | प्रशासनशाखा | | | | १०००० | | | १०००० | | |
| **जम्मा** | | | | | **१४,२५,४५००** | **४४,७५,५००** | **४८,८४,५००** | **४८,९४,५००** | | |
| **तालिम, गोष्ठि, अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित** | | | | | | | | | | |
| क्षेत्रगत आवधिक गुरुयोजना तथा कार्यक्रम निर्माण कार्यशाला (५ वटाक्षेत्रगत) ५ दिनको आवासिय तालिम | योजना तथा अनुगमन र प्रशासन शाखा | | | | ३७५००० | ३७५००० | | | | |
| ऐन, नियम, कार्यविधि तथा तयारी | कानूनी मामिलार प्रशासनशाखा | | | | १४५००० | १४५००० | | | | |
| गाउँसभा तथा अन्य सभा व्यवस्थापन | प्रशासन शाखा | | | | ४७००० | २३५०० | २३५०० | | | |
| सुचना प्रविधि तथा विद्युतीय अभिलेख व्यवस्थापन तालिम | प्रसाशान शाखा | | | | ३८००० | ३८००० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्य सम्पादन, मुल्याङ्कन तथा प्रतिवेदन तयार र मापदण्ड निर्धारणसम्बन्धि कार्यशाला | योजना तथा अनुगमन र प्रशासन शाखा | | | | ६०००० | ६०००० | | | | |
| विपद व्यवस्थापन तथा स्वेमसेवक परिचालन तालिम | प्रशासन शाखा | | | | ७५००० | २५००० | २५००० | २५००० | | |
| स्थानीय स्रोत व्यवस्थापन तथा नव उद्यमशीला प्रबर्धन तालिम (प्रत्येक वडामा १० जनाको लागि) | आर्थिक तथा सामाजिक विकास | | | | ३१५००० | १०५००० | १०५००० | १०५००० | | |
| राजश्व तथा अन्य वित्तिय स्रोत व्यवस्थापन सम्बन्धि कार्यशाला | राजश्व व्यवस्थापन | | | | १०२००० | ३४००० | ३४००० | ३४००० | | |
| लैङ्गिका समानता, समावेशी पहुँच सम्बन्धि अभिमुखिकरण कार्यक्रम | सामाजिक विकास | | | | ३५००० | ३५००० | | | | |
| स्थानीय सामाजिक आर्थिक तथा स्रोत व्यवस्थापनको अध्ययन र अनुसन्धानतथा सोधपत्र (कम्तिमा 'वि" वर्गको अन्तराष्ट्रिय जर्नलमा प्रकाशीत भएमा) | योजना तथा अनुगमन | | | | ३७५००० | १२५००० | १२५००० | १२५००० | | |
| सन्दर्भ सामाग्रीहरुको पहुँचको व्यवस्था | प्रशासन शाखा | | | | ३०००० | १०००० | १०००० | १०००० | | |
| दिगो विकास लक्ष्य तथाअन्य विविध कार्यक्रमहरु | योजना तथा अनुगमन | | | | २००००० | ८०००० | ६०००० | ६०००० | | |
| **जम्मा** | | | | | **१७,९७,०००** | **१०,५५,५००** | **३,८२,५००** | **३,५९,०००** | | |
| **कुल अनुमानित रकमरु.** | | | | | **४,२४,६६,५००** | **१,७३,३१,०००** | **१,४३,४७,०००** | **१,०७,८८,५००** | | |

## ४.२. त्रिवेणी गाउँपालिकाको मानव संशाधन विकासका प्रस्तावित कार्यक्रमहरु

त्रिवेणी गाउँपालिका रोल्पाको सार्वजनिक सेवा प्रवाहमा चुस्तता र प्रभावकारी ढंगले छिटो छरिटो र समय सापक्ष रुपमा प्रदान गर्न आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्न र विद्यमान जनशक्तिको दक्षता, ज्ञान, सीप र सोचमा परिवर्तन गर्न जरुरी छ । गाउँपालिकाका जनप्रतिनीधि, कर्मचारी तथा अन्य प्रत्यक्ष र अप्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरुको दक्षता विकास गर्नको लागि आगामी ३ वर्षमा  सञ्चालन गर्न मानव संशाधन क्षमता विकासका लागि निम्नानुसारको कार्यक्रमहरुको प्रस्ताव गरिएको छ ।

***तालिका ४.२. त्रिवेणी गाउँपालिका रोल्पाको तीन वर्षे मानव संशाधन क्षमता विकास योजनाको प्रस्तावित कार्यक्रमहरु***

| **मानव संशाधन क्षमता विकासका क्रियाकलापहरु** | **प्राप्त हुने सिकाइ** | **सेवा प्रवाहमा आउने प्रभावकारिता** | **मुख्यजिम्मेवारी** | **समयवधि** | | | **बजेट** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०७८-८९** | **२०७९-८०** | **२०८०-८१** | **जम्मा** | **२०७८-८९** | **२०७९-८०** | **२०८०-८१** |
| | | | | **निर्वाचित पदाधिकारीहरुका लागि** | | | | | | |
| गाउँ तथा वडा सभा व्यवस्थापन सम्बन्धि अभिमुखीकरण | गाउँ तथा वडाका सभा र वैठकहरु व्यवस्थित गर्न | सभा तथा वैठकहरु व्यवस्थित र नियमित हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| निर्णय प्रकृयामा जनसहभागिता अभिवृद्धि कार्यकम | सबै क्षेत्रको सहभागिता गराउँने | सबै क्षेत्रको उचित सहभागिता हुने | प्रशासन शाखा | | | | ६०००० | २०००० | २०००० | २०००० |
| कम्पुटर तथा सुचना प्रविधिको प्रयोग | सुचना प्रविधिको प्रयोग गर्ने | नयाँ प्रविधिको प्रयोगबाट सेवा प्रवाह गर्न सहज हुने | प्रशासन शाखा | | | | १५०००० | ५०००० | ५०००० | ५०००० |
| क्षेत्रगत स्थानीय समस्या पहिचान र समाधन सम्बन्धिकार्यशाला | स्थानीय समस्या समाधान गर्न | समस्या पहिचा र त्यसको उचित समाधान खोज्न सहज | प्रशासन शाखा | | | | ७५००० | २५००० | २५००० | २५००० |
| दिगो विकास लक्ष्य र स्थानीय आवश्यकताको समानिकरणसम्बन्धि | दिगो विकास अवधारणाको ज्ञान | स्थानीय योजना तयार गर्दा दिगो र प्रभावकारी | प्रशासन शाखा | | | | ४५००० | १५००० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यशाला | | योजना छनोट हुने | | | | | | | १५००० | १५००० |
| क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनरणनीतिको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | आवधिक योजना निर्माणको महत्व र ज्ञान | योजना निर्माणमा सहयोग हुने | प्रशासन शाखा | | | | ६९००० | २३००० | २३००० | २३००० |
| लैङ्गिक, सामाजिक, आर्थिक र न्यायिक पहुँचकोआवश्यकता र उपयोगबारेमा अभिमुखिकरण | विभिन्न क्षेत्रको समान र अर्थपूर्ण सहभागिताको महत्व | सबै क्षेत्रको अर्थपूर्ण र उचित सहभागिता हुने | प्रशासन शाखा | | | | ५४००० | १८००० | १८००० | १८००० |
| जवाफदेहिता र नागरिक सहभागिता सम्बन्धमाअभिमुखिकरण | जवाफ देहिता र जनसहभागिताको महत्व | प्रभाकारी जनसहभागिता गर्न सहयोग हुने | प्रशासन शाखा | | | | ६०००० | २०००० | २०००० | २०००० |
| क्षेत्रगतकानूनको निर्माण र न्याय सम्पादन सम्बन्धि अभिमुखिकरण | क्षेत्रगत कानूनको जानकारी | क्षेत्रगत कानूनको प्रयोग र न्याय सम्पादनम सहयोग हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| स्थानीय स्रोत साधनहरुको पहिचान, उच्चतम उपयोग रव्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | स्रोत साधनको पहिचान र उपयोगको अवस्थाको लेखाजोखा | स्थानीय स्रोत परिचान र व्यवस्थापन गर्न सहयोग पुग्ने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| आन्तरिक वा वाह्य क्षेत्रगत अध्ययन, अवलोकन रसिकाई भ्रमण कार्यक्रम | अन्य स्थानमा भएका अभ्यासहरुको जानकारी | सुहाउँदो र अभ्यासको अनुसरण गर्न सकिने | प्रशासन शाखा | | | | ३१५००० | १०५००० | १०५००० | १०५००० |
| **जम्मा** | | | | | | | **९६३०००** | **३२१०००** | ३२१००० | ३२१००० |
| **समिती, उपसमितिहरुका लागि** | | | | | | | | | | |
| प्रत्येक समिति र उपसमितिहरुका पदाधिकारीहरुलाईनिर्णय प्रक्रिया र जनसहभागिता अभिवृद्धि सम्बन्धि अभिमुखिकरण | कार्य सम्पादन समन्वय रसहकार्यको महत्व र अभ्यास | कार्य सम्पादनमा एकरुपता आउँने | प्रशासन शाखा | | | | ५४००० | १८००० | १८००० | १८००० |
| दिगो विकास लक्ष्य र स्थानीय आवश्यकताको समानिकरणसम्बन्धि | दिगो विकास अवधारणाको ज्ञान | स्थानीय योजना तयार गर्दा दिगो र प्रभावकारी | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यशाला | | योजना छनोट हुने | | | | | | | | |
| क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनरणनीतिको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | क्षेत्रगत स्थानीय विकास योजना बनाउँन र समस्या समाधान गर्न | समस्या पहिचा र त्यसको उचित समाधान खोज्न सहज | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| लैङ्गिक, सामाजिक, आर्थिक र न्यायिक पहुँचकोआवश्यकता र उपयोगबारेमा अभिमुखिकरण | विभिन्न क्षेत्रको समान र अर्थपूर्ण सहभागिताको महत्व | सबै क्षेत्रको अर्थपूर्ण र उचित सहभागिता हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| जवाफदेहिता र नागरिक सहभागितासम्बन्धमा अभिमुखिकरण | जवाफ देहिता र जनसहभागिताको महत्व | प्रभाकारी जनसहभागिता गर्न सहयोग हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| स्थानीय स्रोत साधनहरुको पहिचान, उच्चतम उपयोग रव्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | स्रोत साधनको पहिचान र उपयोगको अवस्थाको लेखाजोखा | स्थानीय स्रोत परिचान र व्यवस्थापन गर्न सहयोग पुग्ने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| अन्तर समिति वा उपसमिति वा अन्य सरोकारवालानिकायहरुसँगको समन्वय, सहकार्य र सञ्चार सम्बन्धमा अभिमुखिकरण कार्यक्रम | कार्य सम्पादन समन्वय रसहकार्यको महत्व र अभ्यास | कार्य सम्पादनमा एकरुपता आउँने र कार्यक्रमको स्वामित्व ग्रहन | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| सन्दर्भ स्रोतहरु र सुचना प्रविधिको आवश्यकता रप्रयोग सम्बन्धमा अभिमुखिकरण कार्यक्रम | नयाँ ज्ञान सीप र सुचनाको प्रयोग | नयाँ नयाँ सोध अध्ययनको ज्ञान र प्रविधिको अभ्यास र उपयोग | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| कार्य सम्पादन र सुशासनका आधारमा प्रोत्साहनकार्यक्रम | कर्मचारीहरुको प्रोत्साहन | कार्य दक्षतामा वृद्धि र दायित्व बोध | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| विषयगतक्षेत्रको अवलोकन तथा अध्ययन भ्रमणकार्यक्रम | अन्य स्थानमा भएका अभ्यासहरुको जानकारी | सुहाउँदो र अभ्यासको अनुसरण गर्न सकिने | प्रशासन शाखा | | | | ३००००० | १००००० | १००००० | १००००० |
| सार्वजनिक खरिद प्रणाली सम्बन्धमा अभिमुखिकरणकार्यक्रम | सार्वजनिक खरिद प्रणालीका बारेमा ज्ञान | सार्वजनिक खरिद प्रणालीको व्यवस्थापन र पारदर्शिता हने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |

| जम्मा | | | | | | | ७५९००० | २५३००० | २५३००० | २५३००० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कर्मचारीहरुका लागि** | | | | | | | | | | |
| क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयन रणनीतिको बारेमा छलफलतथा अन्तरक्रिया कार्यक्रम | क्षेत्रगत स्थानीय विकास योजना बनाउँन र समस्या समाधान गर्न | समस्या पहिचा र त्यसको उचित समाधान खोज्न सहज | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| स्थानीय स्रोत साधनहरुको पहिचान, उच्चतम उपयोग रव्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | स्रोत साधनको पहिचान र उपयोगको अवस्थाको लेखाजोखा | स्थानीय स्रोत परिचान र व्यवस्थापन गर्न सहयोग पुग्ने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| सन्दर्भ स्रोत तथा अभिलेखहरु र सुचना प्रविधिकोआवश्यकता र प्रयोग सम्बन्धमा अभिमुखिकरण कार्यक्रम | नयाँ ज्ञान सीप र सुचनाको प्रयोग | नयाँ नयाँ सोध अध्ययनको ज्ञान र प्रविधिको अभ्यास र उपयोग | प्रशासन शाखा | | | | ७५००० | २५००० | २५००० | २५००० |
| स्थानीय तह अन्तरगतका विभिन्न आर्थिक, सामाजिक रन्यायिक समानता र स्रोत व्यवस्थपनका सम्बन्धमा अध्ययन तथा सोध पत्र लेखन रप्रकाशन प्रोत्साहन कार्यक्रम | अध्ययन र सोधको अभ्यास | स्थानीय तहको क्षेत्रगत अवसर र चुनौतीको पहिचान र समाधानमा सहयोग | प्रशासन शाखा | | | | ३७५००० | १२५००० | १२५००० | १२५००० |
| दिगो विकास लक्ष्य र स्थानीय आवश्यकताको समानिकरणसम्बन्धि कार्यशाला | दिगो विकास अवधारणाको ज्ञान | स्थानीय योजना तयार गर्दा दिगो र प्रभावकारी योजना छनोट हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| लैङ्गिक, सामाजिक, आर्थिक र न्यायिक पहुँचकोआवश्यकता र उपयोगबारेमा अभिमुखिकरण | विभिन्न क्षेत्रको समान र अर्थपूर्ण सहभागिताको महत्व | सबै क्षेत्रको अर्थपूर्ण र उचित सहभागिताका आधारमा सेवा प्रवाहहुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| संघीय, प्रादेशिक र स्थानीय निकायहरुसँगको सहकार्य र आवश्यकता सम्बन्धमा अभिमुखिकरण | विभिन्न तहमा भएका अभ्यास र अनुसरणको अवस्था | एक अर्काको अभ्यास र सिकाइको अनुसरण गरि सेवा प्रवाह गर्ने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत जिम्मेवारी, दायित्वा र आचार संहिताकोपालना र जवाफदेहिता अभिवृद्ध सम्बन्धमा अभिमुखिकरण | अनुशासन सहितको जिम्मेवारी र दायित्वबोध | सरल, छिटो र प्रभावकारी सेवा प्रवाह | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| सार्वजनिक खरिद प्रणाली सम्बन्धमा अभिमुखिकरणकार्यक्रम | सार्वजनिक खरिद प्रणालीका बारेमा ज्ञान | सार्वजनिक खरिद प्रणालीको व्यवस्थापन र पारदर्शिता हने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| सम्पत्ति र दायित्व व्यवसथापन सम्बन्धि तालिम | पालिकाभित्रको सम्पत्तिको लेखाजोखा र अभिलेखिकरण | पालिकाको यथार्थ सम्पत्ति र दायित्व व्यवस्थापन गर्न सहयोग हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| सेवा प्रवाह र गुनासो व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | प्रभावकारी सेवा प्रवाह र गुनासो व्यवस्थापन प्रक्रिया | सार्वजनिक सेवा प्रभाव र गुनासो व्यवस्थापनमा सहयोग | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| कार्य सम्पादन र सुशासनका आधारमा प्रोत्साहन तथा पुरस्कार | कार्यसम्पादन र मुल्याङ्कनका मापदण्ड निर्माण | कार्यसम्पादनमा प्रभावकारिता आउँने | प्रशासन शाखा | | | | ७५००० | २५००० | २५००० | २५००० |
| कर्मचारीहरुलाई संस्थागत मुल्य मान्यता र समयसापेक्ष अभ्यासमा अभ्यस्त बनाउँने | सामुहिक सस्थागत मुल्यको निर्माण | सामुहिक कार्य सम्पादन र सेवा प्रवाहमा एकरुपता हुने | प्रशासन शाखा | | | | ४५००० | १५००० | १५००० | १५००० |
| **जम्मा** | | | | | | | **९९००००** | **३३००००** | **३३००००** | **३३००००** |
| **जम्मा अनुमानित रकम रु.** | | | | | | | **२७१२०००** | **९०४०००** | **९०४०००** | **९०४०००** |

**४.३ क्षमता विकास योजना कार्यक्रमका लागि छुट्याइएको बजेट अनुपात**

त्रिवेणी गाउँपालिकाको प्रस्तावित संस्थागत क्षमता विकास र मानव संशाधन क्षमता विकास कार्यक्रमहरुको लागत खर्चको स्रोत व्यवस्थापनमा गर्दा संस्थागत क्षमता विकास योजनाको लागि तालिका न ४.१ मा देखाइएको बमोजिमको रहेको छ भने मानव संसाधन क्षमता विकासको लागि चालु खर्चबाट व्यहोर्ने प्रस्ताव गरिएको छ। अहिलेलाई प्रस्तावित लागतको विभाजन निम्नानुसारको तालिका ४.३ अनुसार गरिएको छ ।

***४.३ क्षमता विकास योजना कार्यक्रमका लागि छुट्याइएको बजेट अनुपात***

| **विवरण** | **आ.व. २०७८-८९** | **आ.व. २०७९-८०** | **आ.व. २०८०-८१** |
|---|---|---|---|
| मानव संशाधन क्षमता विकास | ९०४,००० | ९०४,००० | ९०४,००० |
| संस्थागत क्षमता विकास | १७,३३१,००० | १४,३४७,००० | १०,७८८,५०० |
| **जम्मा रकम रु.** | **१८,२३५,०००** | **१५,२५१,०००** | **११,६९२,५००** |
| मानव संसाधन क्षमता विकास बजेट प्रतिशत | ४.९६% | ५.९३% | ७.७३% |
| संस्थागत क्षमता विकास बजेट प्रतिशत | ९५.०४% | ९४.०७% | ९२.२७% |

यो विभाजन आगामी कार्यान्वयन गर्दै जाने समयमा फरक पर्न सक्ने छ भने चौठो वर्षदेखि भने संस्थागत क्षमता र मानव संशाधन क्षमता विकासमा छुट्याइएको बजेटमा खास फरक पर्ने छैन । मानव संशाधन क्षमता विकासका कार्यक्रमको खर्च नियमित जसो हुनेछ भने संस्थागत क्षमता विकासको खर्च घट्दै जानेछ । प्रस्तावित कार्यक्रमको बजेट अनुमान गर्दा तिनै वर्षको मुद्रास्फर्ती दर समान हुन्छ भन्ने अनुमान गरिएको छ ।

# भाग ५: त्रिवेणी गाउँपालिकाको क्षमता विकासका योजना सञ्चालन रणनीति

गाउँपालिका कार्यालय तथा अन्तरगतका वडा समितको कार्यालयहरुबाट प्रदान गरिदै आएको सेवाहरु, गाउँपालिका स्तरीय भौतिक पूर्वाधार विकास कार्यक्रमहरु र सो सम्बन्धित सरोकारवाहरुको समग्र क्षमता विकासको लागि **गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६** को आधारमा क्षमता विकास योजना तर्जुमा गरिएको छ । क्षमता विकास योजना अनुसार प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयन र नतिजामुखी बनाउँनको लागि देहाय बमोजिमको रणनीति तयार गरिएको छ ।

क. क्षमता विकास योजनाको माध्यमले स्थानीय विकास तथा सेवा प्रवाहसँग सम्बन्धित गाउँपालिका कार्यालय, वडा समिति कार्यालय, कर्मचारीहरु तथा सरोकारवालाहरुको संस्थागत विकास, मानव संशाधन विकास, आर्थिक व्यवस्थापन, आन्तरिक अध्ययन तथा अनुसन्धान, सकारात्मक कार्य वातावरण र धारणामा परिवर्तन ल्याउँने कुरामा विशेष ध्यान केन्द्रित गर्ने ।

ख. गाउँपालिकाको आफ्नो कार्यक्षेत्र भित्र पर्ने उपभोक्ता समिति, टोल विकास समिति, वडा नागरिकमञ्च, युवा समुह जस्ता समुदायमा आधारित संस्था नागरिक समाज तथा निजी सेवा प्रदायकहरुको क्षमता विकासको स्थिति लेखाजोखा तथा आवश्यकता पहिचान गर्ने र क्षेत्रगत सेवा प्रवाहमा सक्रिय भुमिका निभाउँने वातावरणको सिर्जना गर्ने ।

ग. क्षमता विकास योजनाहरुको प्रभावकारि कार्यान्वयनको लागि समन्वय, सहजीकरण तथा अनुगमन गर्न लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिस्थानसँगको सहकार्य गर्ने ।गाउँपालिका अन्तर्गत गठन भएको क्षमता विकास समितिलाई सक्रिय बनाएर संघीय, प्रदेश र अन्य सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्य गरि स्रोत

व्यवस्थापनमा जोड दिने । संस्थागत तथा मानव संसाधन क्षमता विकासको लागि कार्यपालिकाले फोकल व्यक्तिहरू तोक्ने।

घ. क्षमता विकास योजना तर्जुमा संस्थाको समग्र क्षमता विकासमा ध्यान दिनु पर्ने भएकाले भौतिक स्रोतसाधन र मानवसंशाधनको ज्ञान, सीप र दक्षता वृद्धिलाई विशेष प्राथमिकता दिइएको छ । गाउँपालिका स्रोतसाधनले सम्पन्न नभएसम्म सेवा प्रवाहमा प्रभावकारिता र कम लागतमा विकास निर्माणका कार्यहरु गर्न सकिदैन । त्यसैले आफ्नै स्रोतसाधन व्यवस्था र प्रयोगमा जोड दिने ।

ङ. मानव संशाधन क्षमता विकासका लागि गाउँपालिकाले सम्भव भएसम्म आफ्नै क्षेत्रभित्रका वा जिल्ला भित्रका क्षत्रेगत सेवा खरिद वा सहकार्य गर्न विषयक्षेत्रगत विज्ञ वा संस्थाहरुको सूची तयार गर्ने । विषयक्षेत्रगत ज्ञान र दक्षता वृद्धिका लागि गाउँपालिका भित्र कार्यरत कर्मचारीहरु र जनप्रतिनीधिहरुलाई अध्ययन, अनुसन्धान र शोध कार्यमा प्रोत्साहन तथा उत्प्रेरित गर्ने ।

च. प्रत्येक आ.व. मा कम्तिमा पनि चालु बजेटको १.५ % बजेट छुट्याउने।

छ. बाह्य संघस्थाहरू संगको समन्वय गरि कार्यान्वयन गर्ने।

प्रस्तावित संस्थागत क्षमता विकास योजना र मानव संशाधन क्षमता विकास योजनाका कार्यक्रमहरुको कार्यान्वयन माथिको रणनीतिका आधारमा सञ्चालन गरिनेछ । आ.व २०७८-८९ को गाउँसभाबाट प्रस्तावित क्षमता विकास कार्यक्रमलाई अनुमोदन गरेर कार्यतालिका निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको व्यक्तिले जिम्मेवारी लिनेछ । जिम्मेवार व्यक्तिले क्षमता विकास योजनाका प्रस्तावित योजनाहरुको आवश्यकता अनुसार थपघट गरी गाउँपालिकाको बैठकबाट पारित गरेर कार्यतालिका अनुसार कार्यान्वयनमा लैजाने व्यवस्था मिलाइने छ ।

# भाग ६: अनुसूचीहरु

### अनुसूची १

### स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा फाराम

### (Local Level Institutional (Operation Management) CapacityAssessment form)

**१. आर्थिक विकास : कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र**

**एकल अधिकार अन्तर्गत:** सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार, स्थानीय स्तरका व्यापारिक फर्म), कृषि, कृषि उत्पादन व्यवस्थापन, पशुपालन, पशु स्वास्थ्य, बेरोजगारको तथ्यांक संकलन ( रोजगार सूचना केन्द्र, वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

**संघीय ऐनको थप व्यवस्था:** घरेलु तथा साना उद्योग

**महाशाखा/शाखाको नाम:** ***राजस्व शाखा, रोजगार सेवा केन्द्र, महिला बालबालिका तथा समाजकल्याण इकाई, आर्थिक प्रशासन शाखा, योजना तथा अनुगमन इकाई, कानुनी मामिला इकाई, प्रशासन शाखा, वडा कार्यालयहरु र शिक्षा, युवा तथा खेलकुद शाखा***

| क्षमता विकासका क्षेत्र | महाशाखा/शाखा/इकाइको भूमिका (हुने /नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने ।<br>(१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता) ५. अन्य ……….. | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरू योजना तथा नीति नियमहरू | | - आर्थिक क्षेत्रगत विकास गुरुयोजना निर्माण सम्धन्धि निति, नियम, कार्विधिको अभाव,<br>- आवाधिक योजना निर्माणका लागि दक्ष जनशक्तिको अभाव<br>- रोजागरमुलक योजना पहिचान तथा छनोट गर्ने दक्षताको अभाव<br>- महिला समुह तथा सहकारी लगाएतका समुहको आर्थिक विकास सम्बन्धि ज्ञान सीप र दक्षताको अभाव<br>- बजेट तथा विशेषज्ञ ज्ञानको कमी<br>- कानुनी शाखामा फोटोकमी मेसिनको अभाव<br>- कानुनी सेवाको कर्मचारी दरबन्दीको अभाव<br>- ऐन नियम र कार्यधवि निर्माणको दक्षतामा कमी | - आवधिका गुरु योजना निर्माण गर्न निति नियम र कार्यविधीको निर्माण गर्ने र सोको लागि आवश्यक कम्तिमा ७ दिनको तालिमको व्यवस्था गर्ने।<br>- आवाधिक योजना निर्माण गर्न आवश्यक दक्ष व्यक्ति वा सेवा करार वा दरबन्दिको व्यवस्था गर्ने।<br>- रोजगारीमुलक दिर्घकालीन योजना निर्माण गर्न आवश्यक तालिमको व्यवस्था गर्ने।<br>- स्थानीय सरोकारवाला समुहको लागि लधुतथा साना उद्योग सञ्चालन सम्बन्धि कम्तिमा ५ दिने तालिमको व्यवस्था गर्ने।<br>- विषयगत क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने।<br>- ठूलो क्षमताको फोटोकमी मेसिनको व्यवस्था गर्ने।<br>- कानुन निर्माण सम्बन्धी तालिमको व्यवस्था गर्ने। |

| | | | |
|---|---|---|---|
| | | | - वडाका कर्मचारीहरुलाई सेवा प्रवाहसम्बन्धि तालिमको व्यवस्था गर्ने । |
| समावेशी विकास नीति ( लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | | - आर्थिक क्षेत्रगत विकास गुरुयोजना निर्माण सम्धन्धि निति, नियम, कार्विधिको अभाव,<br>- आर्थिक रुपमा विपन्न वेरोजगारहरुको पहिचानको कार्यविधिकी समस्या<br>- भौगोलिक अवस्था र श्रोतसाधनको अभाव<br>- लैङ्गिक असमानताको क्षेत्र पहिचान नभएको<br>- चुनावी एजेण्डाको मात्र प्राथमिकता<br>- समावेशी विकास निति निर्माणको लागि सन्दर्भ सामाग्री र तालिमको अभाव | - समावेशी आर्थिक विकास क्षेत्रगत समावेशीता निति सम्बन्धि तालिमको व्यवस्था गर्ने ।<br>- वेरोजगार पहिचानको स्पस्ट कार्यविधिको निर्माण र पहिचान गर्ने मापडण्डको निर्धारणको तालिम वा कार्यशालको व्यवस्था गर्ने ।<br>- भौगोलिक विकटतालई मध्यनजर गरी विशेष क्षेत्रगत कार्यक्रमको निर्माण र कार्यान्वियनकोलागि विशेष सम्यन्त्र तथा अध्ययनको व्यवस्था गर्ने।<br>- पालिकास्तरिय समग्र अवस्थालाई ध्यानमा राखि समवेशी आर्थिक विकास नीतिको कार्यान्वियन गर्ने।<br>- समावेशी विकास निति निर्माणको लागि अध्ययन भ्रमण र सन्दर्भ सामाग्रीको व्यवस्था तथा आवश्यक अभिमुखिकरण तालिमको व्यवस्था गर्ने । |

| | | | |
|---|---|---|---|
| वातावरण, जलबायुपरिवर्तन व्यवस्थापन नीति | | - वातावरणीय व्यवस्थापन सम्बन्धि ज्ञान सीप र क्षमताको अभाव<br>- दिगो वातावरणीय विकास र व्यवस्थापन अवधारणानको वेवास्ता<br>- निति निर्माणमा उल्लेख हुनुपर्ने आधारभूत जानकारीको लागि क्षमता विकास तालिमको अभाव | - आइईई र आइईए को मुल्याङ्कन गरी विकास योजन अगाडी बढाउँन जोड दिने ।<br>- आवश्यक तालिमको व्यवस्था गर्ने । |
| वार्षिक योजना तर्जुमा | | - वार्षिक योजना तर्जुमासम्बन्धि दक्षताको अभाव<br>- मागमा आधारित योजना तयारी नभएको<br>- योजना तर्जुमा सम्बन्धी क्षमता नभएको | - वार्षिक योजना तर्जुमा र वित्तिय अनुमानको तालिमको व्यवस्था गर्ने ।<br>- वास्ताविक आवश्यकतामा आधारित योजनामात्र बनाउँने । |
| दिगो विकास लक्ष्यको स्थानीयकरण | | - दिगो विकास लक्ष्यको ज्ञान नभएको<br>- कार्यविधिको अभाव | - विकासका हरेक कार्यक्रमलाई दिगो विकास लक्ष्यसँग जोड्ने ।<br>- दिगोविकास लक्ष्यसम्बन्धि तालिमको व्यवस्था गर्ने । |
